# कालिञ्चोक गाउँपालिका
## Kalinchowk Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
### (प्रशासन शाखा)

सुनखानी, दोलखा
बागमती प्रदेश, नेपाल

पत्र संख्या:- २०८०/८१
चलानी नं.:-

**औषधी उपचार खर्चको लागि नामावली नवीकरण सम्बन्धी सूचना !**

**(प्रकाशित मिति: २०८०/०४/१७)**

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा ६ अनुसार प्रत्येक आर्थिक वर्षको सुरुमा लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा नवीकरण गर्नुपर्ने व्यवस्था रहेकाले आ.व. २०७९/८० मा उक्त कार्यविधि अनुसार यस गाउँपालिकाबाट औषधी उपचार खर्च लिएका लाभग्राहीहरुले आ.व.२०८०/८१ मा औषधी उपचार खर्च प्राप्त गर्न तपसिल बमोजिमको कागजात सहित वडा कार्यलयमा सम्पर्क गरी २०८० साउन मसान्तभित्र नामावली नवीकरण गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । नामावली नवीकरण नभएका लाभग्राहीहरुको औषधी उपचार खर्च निकासा नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**आवश्यक कागजातहरु:**

- नवीकरणको लागि सम्बन्धित बिरामीको निवेदन ।
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि (बालबालिकाको हकमा जन्मदर्ता) ।
- पछिल्लो पटक जाँच गरेको (Follow up खुल्ने) अस्पतालको कागजात ।
- सम्बन्धित बिरामीको बैंक खाताको चेकको फोटोकपि (अनिवार्य) ।

.....................
(नवराज ओली)
प्रमुख प्रशासकीय अधिकृत
नवराज ओली
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ तथा कार्यार्थ**

श्री वडा कार्यालय (सबै), साउन मसान्तभित्र नवीकरण गरी नविकरणको सूची र कागजात गाउँपालिकामा पठाउनुहुन ।

Email: kalinchokrmdolakha@gmail.com Website: www.kalinchowkmun.gov.np

CamScanner